**Soaltee Hotel Limited**

★ ★ ★ ★ ★

# बोनस शेयर प्रमाणपत्र वितरण सम्बन्धी सूचना

यस कम्पनीको २०७६ पौष २४ (९ जनवरी २०२०) गते सम्पन्न भएको ४५औं वार्षिक साधारण सभाबाट शेयरधनीहरुलाई चुक्ता पूंजीको १५ प्रतिशतका दरले बोनस शेयर प्रदानगर्ने प्रस्ताव पारित भएबमोजिम २०७६ साल मंसिर २४ गते (साधारण सभाको लागि बुक क्लोज हुनु अघि) सम्म शेयरधनीहरुले ग्रहण गरेको शेयर प्रमाण पत्र अभौतीकीकरण (Demat) गरीसक्नु भएका शेयरधनीहरुको प्राप्त हुने बोनस शेयर शेयरधनीको व्यक्तिगत हितग्राही खाता (Demat Account)मा मिति २०७७ श्रावण २३ गते सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड मार्फत जम्मा भइसकेको व्यहोरा जानकारी गराउंदछौं ।

कम्पनीको शेयर प्रमाणपत्र अभौतीकीकरण नगरी भौतिक रुपमा शेयर प्रमाणपत्र धारण गर्नुभएका शेयरधनी महानुभावहरुको बोनश शेयर कम्पनीमा रहेको शेयरधनी दर्ता किताबमा प्रविष्ट गरी सकिएको जानकारी गराउँदै सोको शेयरधनी प्रमाणपत्र तयार समेत रहेको भएतापनि सो शेयरधनी प्रमाणपत्र वितरण गर्ने सम्बन्धमा हाल कोरोना भाईरस (कोभिड–१९) को संक्रमण व्यापकरुपमा फैलिइरहेकोले संक्रमणबाट सुरक्षित रहने उपाय स्वरुप कोभिड–१९ संक्रमण रोकथाम मापदण्डको परिपालना गर्दै कम्पनीको प्रधान (कर्पोरेट) कार्यालय पूर्ण रुपमा खुल्ला नगरिएको अवस्था रहेकोले कम्पनीको कार्यालय पूर्ण रुपमा संचालन नभए सम्म वा अर्को कुनै बैकल्पिक व्यवस्था नभए सम्मका लागि भौतिक बोनस शेयर प्रमाणपत्र वितरण गर्ने कार्य अस्थायी रुपमा स्थगित गरिएको जानकारी गराउदछौं । साथै कोभिड १९ अवस्थामा सुधार वा बैकल्पिक व्यवस्था भएपश्चात् भौतिक बोनस शेयर प्रमाणपत्र धारक शेयरधनीहरुको प्रमाणपत्र वितरण सुचारु गर्ने सम्बन्धी सूचना पुन: सम्प्रेषण गर्ने ब्यहोरा समेत जानकारी गराउँदछौं । यस विश्वव्यापी कोभिड १९ संक्रमणको विषम परिस्थितिमा यसबाट भौतिक प्रमाणपत्र धारक शेयरधनी महानुभावहरुमा पर्न गएको असुविधाप्रति क्षमाप्रार्थी छौं ।

साथै भौतीक शेयर प्रमाणपत्र धारण गरिरहनु भएका शेयरधनी महानुभावहरुलाई यथाशक्य शेयर अभौतीकीकरण (Demat) गर्नुहुन समेत अनुरोध गर्दछौं ।

यो सूचना कम्पनीको वेभसाईट **http://www.soalteehotel.com** मा समेत हेर्न सकिनेछ ।

**कम्पनी सचिव**

**सोल्टी होटल लिमिटेड**

**ताहाचल, काठमाण्डौं**